# मरिण गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## कपिलाकोट, सिन्धुली
### बागमती प्रदेश, नेपाल

पत्र संख्याः २०७८/०७९

## धान उत्पादन प्रवर्द्धन कार्यक्रमका लागि प्रस्ताव आह्वान सम्बन्धी सूचना

*(प्रथम पटक प्रकाशित मितिः २०७८/१०/२३)*

आ.व. २०७८/७९ मा यस गाउँपालिकाका लागि संघीय सरकारबाट स्वीकृत कार्यक्रम अनुसार धान उत्पादन प्रवर्द्धन कार्यक्रम संचालन गर्नु पर्ने भएको हुँदा इच्छुक कृषक समूह/ कृषि सहकारी/ कृषि फर्म/ उद्यमी कृषकबाट सूचना प्रकाशन भएको मितिले २१ (एक्काईस) दिन भित्र तपसिलमा उल्लेखित कागजातहरु सहित मरिण गाउँपालिकाको कृषि शाखामा निवेदन पेश गर्नु हुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

<u>तपसिल</u>

| क.सं. | कार्यक्रम | संचालन गर्न सकिने कार्यक्रम | कैफियत |
|---|---|---|---|
| १. | धान उत्पादन प्रवर्द्धन कार्यक्रम (बर्खे धान) | ५०% अनुदानमा धानको उन्नत बीउ तथा मेशिनरी औजार वितरण, स्थलगत तालिम, प्रविधि प्रदर्शन, माटो जाँच सेवा, भकारो सुधार, हरियो मल प्रयोग, बाली संरक्षण सेवा, बीउ उत्पादन लगायतका कार्यक्रमहरु। | प्रत्येक ब्लकलाई ३०० कठ्ठा भन्दा कम नहुने गरि यथासम्भव एक अर्कामा जोडिएका प्लटहरुमा संचालन हुने। |

<u>आवश्यक कागजातहरु</u>

- कार्यक्रमको प्रस्तावना,
- कृषक समूह/सहकारी/फर्म/उद्यमीको हकमा दर्ता प्रमाणपत्र, नवीकरण, करचुक्ता प्रमाणपत्रको प्रतिलिपि,
- समूह/सहकारीको हकमा समितिको बैठकको प्रतिलिपि,
- सहकारीको हकमा आ.व. ०७७/०७८ मा लेखा परीक्षण भएको प्रमाण,
- जग्गाको क्षेत्रफल र स्वामित्व वा हकभोग खुल्ने प्रमाणपत्रको प्रतिलिपि,
- सम्बन्धित वडाको सिफारिस,
- निवेदन।

ओम बहादुर दर्जी
प्रमुख प्रशासकीय अधिकृत

*पुनश्चः थप जानकारीका लागि यस गाउँ कार्यपालिकाको कार्यालय अन्तर्गत कृषि विकास शाखा प्रमुखको मो. नं. ९८४११०३२८१ मा सम्पर्क गर्न सकिनेछ।*